संसारका मजदुरहरू - एक होऔं !
मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !!



# निर्वाचन सम्बन्धी दस्तावेज

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग

## नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)
## केन्द्रीय निर्वाचन आयोग

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग, निर्वाचन नियमावली -२०७८
(प्रथम संसोधन - २०८१)

**प्रस्तावना**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को विधान २०८० को धारा १९ (३) ले दिएको अख्तियारी भित्र रहि केन्द्रीय निर्वाचन आयोगले यो 'निर्वाचन नियमावली २०७८' संसोधन सहित जारी गरेको छ ।

## परिच्छेद-१

### १. नाम र प्रारम्भ :

१. यस नियमावलीको नाम 'निर्वाचन नियमावली २०७८' रहनेछ ।
२. यो नियमावली निर्वाचन आयोगबाट पारित भएको मितिबाट लागू हुनेछ ।

## परिच्छेद-२

### २. निर्वाचन सम्बन्धी व्यवस्था : केन्द्रीय समिति तथा केन्द्रीय निकायहरुको निर्वाचन सम्बन्धी व्यवस्था

१. यो नियमावलीको अधिनमा रहि निर्वाचन आयोगले केन्द्रीय पदाधिकारीहरु, सदस्यहरु तथा केन्द्रीय निकायका पदाधिकारी एवम् सदस्यहरुको निर्वाचन गर्नेछ ।

२. पार्टीको महाधिवेशन/अधिवेशन/राष्ट्रिय सम्मेलनको घोषणा भएपछि निर्वाचन आयोगले निर्वाचनसँग सम्बन्धित कार्यहरु तत्काल सुचारु गर्नेछ ।

३. निर्वाचन आयोगले उप-नियम १ को प्रयोजनको लागि विधानको धारा १९ (४) अनुसारको संख्यामा निर्वाचन समितिको घोषणा गर्नेछ ।

## परिच्छेद -३

### ३. प्रदेश तथा स्थानीय तहको निर्वाचन सम्बन्धी व्यवस्था :

१. प्रदेश समितिको निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगले निर्वाचन प्रमुखसहित वढिमा ७ जना सम्मको प्रदेशस्तरीय निर्वाचन समिति गठन गर्नेछ ।

२. स्थानीय तह, नगर/गाउँपालिकाको पार्टी समितिको निर्वाचनको लागि प्रमुखसहित वढिमा ७ जना सम्मको निर्वाचन समिति गठन गर्नेछ ।

३. वडास्तरीय निर्वाचनका लागि प्रमुखसहित वढिमा ३ जना सम्मको निर्वाचन समिति गठन गर्नेछ ।

## परिच्छेद - ४

### ४. पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संस्थाहरुको केन्द्रीय समितिको निर्वाचन सम्बन्धी व्यवस्थाः

पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संस्थाहरुको केन्द्रीय समितिको पदाधिकारी एवम् सदस्यरुको निर्वाचन प्रयोजनका लागि आवश्यकता अनुसार सम्बन्धित समितिहरुसँगको समन्वयमा आयोगले वढीमा ७ जना सम्म निर्वाचन समितिको गठन गर्नेछ ।

## परिच्छेद - ५

### ५. निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :

१. पार्टी विधानको अधिनमा रही निर्वाचन कार्य सम्पादन गर्ने ।
२. निर्वाचन प्रयोजनको लागि सम्बन्धित निकायबाट मतदाता नामावली लिने र प्रकाशन गर्ने ।
३. निर्वाचन कार्यक्रम प्रकाशन गर्ने ।
४. निर्वाचन आचारसंहिता जानकारी गराउने र त्यसको पालना गराउने ।
५. आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

## परिच्छेद -६

### ६. प्रतिनिधि छनोट :

१. सम्बन्धित समितिको निर्णय अनुसार प्रतिनिधि छनौट अनुपातको व्यवस्था मिलाउने र सोको जानकारी प्रतिनिधि छनोट पूर्व नै आयोगलाई दिनुपर्नेछ ।
२. प्रतिनिधि छनोट गर्दा अनिवार्य रुपमा केन्द्रीय संगठन विभागले अनुमोदन गरेको संगठित सदस्यहरुबाट गर्नुपर्नेछ ।
३. माथिल्लो समितिका व्यक्तिहरु तल्लो समितिका प्रतिनिधि छनोटमा सामेल भएमा माथिल्लो समितिको पद स्वतः समाप्त हुनेछ ।
४. पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संगठनहरुले प्रतिनिधि छनौट विधि तथा संख्या निर्वाचन आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।
५. नेकपा(माओवादी केन्द्र) को विधान २०८० मा व्यवस्था भएअनुसार माथिल्लो तहको महाधिवेशन/अधिवेशन/सम्मेलनका लागि प्रतिनिधिको निर्वाचन सम्बन्धित अधिवेशन/सम्मेलनले गर्नेछ ।
६. उपनियम ५ बमोजिमको प्रतिनिधिको निर्वाचन नियम ३ बमोजिम गठित निर्वाचन समितिले गर्नेछ ।

## परिच्छेद - ७

### ७. मतदाता नामावली र मतदान केन्द्र :

१. महाधिवेशन प्रतिनिधिहरुको छनोट महाधिवेशन हुनुभन्दा १५ दिन अगावै गर्नुपर्नेछ । त्यसरी केन्द्रीय समितिबाट प्राप्त मतदाता नामावली निर्वाचन आयोगले प्रकाशन गर्नेछ ।
२. प्रदेश/जिल्ला/स्थानीय तहका अधिवेशनका प्रतिनिधिहरुको छनौट अधिवेशन हुनुभन्दा ७ दिन अगावै गर्नुपर्नेछ । प्रदेश/जिल्ला/स्थानीय समितिबाट प्राप्त मतदाता नामावली निर्वाचन समितिले प्रकाशन गर्नेछ ।
३. निर्वाचन प्रयोजनको लागि आयोगसँग परामर्श गरी निर्वाचन समितिले मतदान केन्द्र तोक्नेछ ।
४. पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संगठनहरुको प्रतिनिधिहरुको नामावली ७ दिन अगावै निर्वाचन आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ८

### ८. मतदाताको योग्यता :

१. सम्बन्धित समितिको निर्वाचनमा भाग लिने मतदाताहरूले अनिवार्य रूपमा महाधिवेशन/अधिवेशन/सम्मेलन हुने मितिभन्दा अघिल्लो वर्षको चैत्र मसान्तभित्र संगठित सदस्यता नविकरण गरी केन्द्रीय संगठन विभागबाट प्रमाणित भएको हुनुपर्नेछ ।
२. पार्टी विधान विपरित कार्य गरी अनुशासनको कारवाहीमा परेको भए सो अवधि व्यतित गरिसकेको हुनुपर्नेछ ।

३. पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संगठनहरुको हकमा सो संगठनको विधान र निर्णयमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ९

### ९. निर्वाचनको सूचना :

१. निर्वाचन समितिले सम्बन्धित आयोजक समितिसँग समन्वय गरी निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्नेछ ।

## परिच्छेद - १०

### १०. उम्मेदवारहरूको योग्यता :

१. पार्टीको स्थानीय तह देखि केन्द्रीय तह र निकाय एवम् विभागहरुको पदाधिकारी एवम् सदस्य हुन पार्टीको विधान -२०८० ले तोके बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

२. पहिलो पटक निर्माण हुने समितिमा भने यो मापदण्ड लागू हुनेछैन ।

३. पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संगठनहरुको केन्द्रीय समितिको हकमा सम्बन्धित संगठनको विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद - ११

### ११. उम्मेदवारी सम्बन्धी व्यवस्था :

१. उम्मेदवारको प्रस्ताव सम्बन्धित तहको निर्वाचनको मतदाता सूचीमा नाम भएका र तोकिएको मापदण्ड पुरा गरेका व्यक्तिलाई सम्बन्धित तहको सदस्यले उम्मेदवारीको प्रस्ताव गर्न सक्नेछ ।

२. उपनियम (१) बमोजिम निर्वाचनका लागि उम्मेदवारी प्रस्ताव गर्दा मतदाता मध्येबाट एक जना प्रस्तावक र एक जना समर्थक हुनुपर्नेछ ।

३. मनोनयन दर्ता गराउने व्यक्ति/उम्मेदवारको मनोनयन उम्मेदवार आफैले वा निजको प्रतिनिधिले तोकिएको दस्तुर बुझाई निर्वाचन समितिको कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

४. मनोनयन दर्ता गर्दा निर्वाचन आयोगले निर्धारण गरे बमोजिमको दस्तुर लाग्नेछ ।

५. मनोनयन दर्ता बापतको दस्तुर फिर्ता हुने छैन ।

६. केन्द्रीय समितिका पदाधिकारी, सदस्य तथा सबै तहका उम्मेदवारहरुले निर्वाचन आयोगले तोकेको अवधि भित्र उम्मेदवारी दर्ता गर्नुपर्नेछ ।

७. सम्बन्धित तहको महाधिवेशन/अधिवेशन/सम्मेलनबाट निर्वाचित सदस्यहरु मध्येबाट पदाधिकारीहरुको निर्वाचन हुनेछ ।

८. पार्टी विधान अनुसार महिला, दलित, युवा र मुस्लिम समुदायबाट उम्मेदवारी दिने उम्मेदवारले सो समूह स्पष्ट खुलाउनु पर्नेछ ।

### १२. उम्मेदवारी माथि दाबी विरोध :

१. उम्मेदवार सूचीमा नाम सामेल भएको उम्मेदवारको योग्यतामाथि शंका लागेमा वा ऊजुरी दिन परेमा

तोकिएको मिति र समयमा अनुसूचीको ढाँचामा निर्वाचन समिति समक्ष सम्बन्धित निर्वाचनका मतदाताले उजुरी गर्न सक्नेछन् ।

२. उजुरी दिन ल्याएमा निर्वाचन समितिले दर्ता किताबमा दर्ता गर्नुपर्छ ।

**१३. उजुरी जाँच गर्ने :**

निर्वाचन समितिले आफू समक्ष परेको उजुरी उपर नियमावली बमोजिम छानविन गरी निर्णय गर्नेछ ।

**१४. उम्मेदवारको नामावली प्रकाशन :**

१. निर्वाचन समितिले मनोनयन पत्र जाँच गरी नियमावली बमोजिम रित पुगेका उम्मेदवारको नामावली
प्रकाशन गर्नेछ ।

२.नामावली प्रकाशन गर्दा पार्टी विधान अनुसारको समूह (समानुपातिक-समावेसी) प्रतिशत कायम रहे नरहेको जाँच गर्नुपर्दछ ।

**१५. नाम फिर्ता लिन सक्ने :**

उम्मेदवारको नामावलीमा नाम उल्लेख भएका कुनै पनि उम्मेदवारले आफ्नो नाम उम्मेदवारी सूचीबाट हटाउन चाहेमा निर्वाचन कार्यक्रममा उल्लेखित मिति, समय र स्थानमा निर्वाचन समितिलाई तोकिएको ढाँचामा सूचना दिइ आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

**१६. नाम फिर्ता लिएको सूचना दर्ता :**

१. निर्वाचन समितिले नाम फिर्ता लिएको निवेदन दर्ता गरी सूचना पार्टीमा टाँस गर्नुपर्नेछ ।

२. उम्मेदवारले नाम फिर्ता लिइसकेपछि पुनः कायम हुने छैन ।

**१७. उम्मेदवारको अन्तिम नामावली प्रकाशन :**

१. निर्वाचन कार्यक्रममा उल्लेख भएअनुसार उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन समितिले बाँकी रहेका उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

२. उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्दा उम्मेदवारको दर्ता क्रम अनुसार प्रकाशित गर्नुपर्नेछ ।

**१८. उम्मेदवारी कायम रहने :**

पार्टी विधान अनुरूप पदाधिकारीमा उम्मेदवार भएका व्यक्तिको हकमा पदाधिकारीबाट नाम फिर्ता लिए पनि सदस्यको उम्मेदवारी कायम रहनेछ । तर, उम्मेदवारले सदस्य पदमा समेत उम्मेदवार हुन नचाहेमा
सोको व्यहोरा उल्लेख गरी उम्मेदवारी फिर्ता हुन सक्नेछ ।

**१९. निर्विरोध निर्वाचित :**

निर्वाचन समितिले तोकिएको पदमा आवश्यक संख्यामा मात्र उम्मेदवारी दरखास्त परेमा उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ ।

**२०. मतदान :**

१. मतदाताहरुले सबै तहका निर्वाचनमा निर्वाचन समितिले दिएको मतपत्रमा ठीक (√) रेजा लगाई मतदान गर्नुपर्नेछ ।

२. कुनै कारणले आफै मतदान गर्न असक्षम मतदाताहरुले आफूले तोकेको व्यक्तिको सहयोगमा मतदान गर्न सक्नेछन् ।

**२१. प्रशिक्षणको व्यवस्था गर्ने :**

निर्वाचन समितिले निर्वाचनमा सहभागीहरूलाई निर्वाचन प्रयोजनका लागि गर्नुपर्ने सम्पूर्ण कामका सम्बन्धमा आयोगको निर्देशन बमोजिम आवश्यकता भएमा प्रशिक्षणको व्यवस्था गर्नेछ ।

## २२. निर्वाचन सम्बन्धी कार्यमा बाधा अवरोध पुऱ्याउनेलाई कारवाही :

निर्वाचन समितिले मतदान कार्य, मतगणना कार्य तथा निर्वाचन सम्बन्धी अन्य काममा बाधा पुऱ्याउने वा बाधा पुऱ्याउन मद्दत गर्ने वा सो गर्न प्रोत्साहन गर्ने जुनसुकै व्यक्तिलाई यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ । उक्त आदेशको उल्लंघन कसैले गरेमा निर्वाचनमा खटिएका स्वयंसेवक लगाई मतदान क्षेत्र बाहिर पठाई यस्ता उम्मेदवार तथा व्यक्तिलाई अनुशासनको कारबाहीका लागि आयोग समक्ष सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद - १२

## २३. मतगणना :

१. निर्वाचन समितिले मतगणना स्थल तोक्नेछ ।

२. निर्वाचन समितिले मतगणना हुने समय र स्थान उल्लेख गरी सूचना प्रकाशित गर्नेछ ।

३. मतगणना कार्यको लागि उम्मेदवारको प्रतिनिधि राख्ने व्यवस्था गर्नेछ ।

४. मतगणना स्थानमा तोकिएको व्यक्तिबाहेक अनुमति बिना अन्यलाई प्रवेश निषेध गर्नेछ ।

५. निर्वाचन समितिले विशेष अवस्थामा मतगणनाको कार्य स्थगित गर्न सक्नेछ ।

६. मतगणनामा बाधा अवरोध पुऱ्याउने व्यक्तिलाई मतगणना स्थलबाट निर्वाचन समितिले हटाउन सक्नेछ ।

७. उम्मेदवारले पुनः मतगणनाको लागि निर्वाचनको परिणाम घोषणा अगावै निवेदन दिएमा सोको जाँचबुझ गरी आवश्यक ठहरिएमा पुनः मतगणना गर्ने निर्णय निर्वाचन समितिले गर्न सक्नेछ ।

८. बराबर मत भएमा गोला प्रथाद्वारा निर्णय लिइनेछ ।

९. मतगणना तालिका अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. निर्वाचित पदाधिकारी एवम् सदस्यहरुको नामावली घोषणा गरी प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

११. निर्वाचित पदाधिकारी एवम् सदस्यहरुलाई विधान अनुसार सपथग्रहण गराउनु पर्नेछ ।

## परिच्छेद - १३

## २४. विविध

१. निर्वाचन समितिले समय तोकी तोकिएका क्षेत्रभित्र प्रचार-प्रसारलाई निषेध गरिएको सूचना प्रकाशित गर्नेछ ।

२. उम्मेदवारी दरखास्त फारम र अनुसूचीमा रहेका अन्य फाराम बापतको शुल्कबाट प्राप्त रकम तथा उम्मेदवार मनोनयन पत्र दर्ता दस्तुर बापतको रकम निर्वाचन समितिले आयोगलाई बुझाउनु पर्नेछ ।

३. असामान्य परिस्थिति उत्पन्न भै निर्वाचनमा अवरोध भएमा आयोगसँग परामर्श गरी निर्वाचन समितिले निर्वाचन स्थगित गर्न सक्नेछ । यसरी निर्वाचन स्थगित भएकोमा केन्द्रीय निर्वाचन आयोगले पुनः निर्वाचन गर्न निर्देशन दिनेछ ।

४. विधानमा व्यवस्था गरे अनुसारका समितिहरुले आफ्नो महाधिवेशन/अधिवेशन/सम्मेलनको मिति तोक्ने निर्णय गर्दा केन्द्रीय निर्वाचन आयोगको समन्वयमा गर्नुपर्नेछ ।

५. केन्द्रीय निर्वाचन आयोगले निर्वाचन गराउँदा वा अनुगमन गर्दा लागेको खर्च सम्बन्धित समिति (आयोजक समिति)ले व्यहोर्नु पर्नेछ ।

६. उम्मेदवार वा निजको प्रतिनिधि अनुपस्थित रहेको कारणले मतगणनाको काम रोकिने छैन ।

७. निर्वाचन समितिले निर्वाचन सम्पन्न भई निर्वाचन परिणाम घोषणापछि निर्वाचन मूल्याङ्कन प्रतिवेदन र निर्वाचन सम्बन्धी कागजातहरु निर्वाचन आयोगलाई बुझाउनु पर्नेछ ।

८. निर्वाचन सम्बन्धी कागजातहरु निर्वाचन सम्पन्न भएको ६ महीनासम्म आयोगले सुरक्षित राख्नेछ ।

९. निर्वाचन सम्बन्धी काममा खटिएका निर्वाचन समितिका सदस्य तथा निर्वाचनसँग सम्बन्धित सहयोगीहरुले निर्वाचनको क्रममा प्राप्त सूचना गोप्य राख्नुपर्नेछ ।

१०.आयोगले निर्वाचन नियमावलीका अतिरिक्त निर्वाचनसँग सम्बन्धित काममा निर्वाचन समितिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

११.आयोगले निर्वाचन नियमावली तथा निर्देशन कार्यान्वयन गर्दा कुनै बाधा आइपरेमा आवश्यक आदेश जारी गरी यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२.निर्वाचनको निष्पक्षताको निमित्त निश्चित परिसर वा त्यसलाई प्रभाव पार्ने (तोकिएको क्षेत्र) स्थानमा असम्बन्धित व्यक्तिको प्रवेश वा निर्वाचनको वातावरणलाई प्रभाव पार्ने कुनै गतिविधि गर्न पाइने छैन । त्यस्तो कार्य गरेको देखिएमा कारबाही प्रक्रिया अघि बढाइने छ ।

१३.अधिवेशन र निर्वाचनसँग सम्बन्धी विषयमा हुने बैठक, छलफल र पार्टी प्रदेश समितिहरुको बैठकमा केन्द्रीय निर्वाचन आयोगवाट जिम्मेवारी पाएका आयोगका सदस्यहरुलाई अनिवार्य रुपमा बोलाउनु पर्नेछ ।

**समाप्त !**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग, निर्वाचन नियमावली २०७८
(अनुसूचीहरू)

## अनुसूची- १

नेकपा(माओवादी केन्द्र), केन्द्रीय निर्वाचन आयोग,
निर्वाचन समिति

निर्वाचन कार्यक्रमको सूचना ।

नेकपा (माओवादी केन्द्र)......................समितिको महाधिवेशन/अधिवेशन/सम्मेलनको पदाधिकारी/सदस्यको निर्वाचन प्रयोजनको लागि निम्नानुसारको निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ ।

| क्र. सं | कार्यक्रम | मिति | समय | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन/दाबी विरोध आव्हान | | | | | |
| २ | मतदाता नामावलीमा दावी विरोध दर्ता | | | | | |
| ३ | मतदाता नामावलीमा परेको दावी विरोधको सूचना प्रकाशन | | | | | |
| ४ | दावी विरोध माथि छानविन र निर्णय | | | | | |
| ५ | अन्तिम मतदाता नामावली प्रकाशन | | | | | |
| ६ | उम्मेदवारको मनोनयन पत्र दर्ता | | | | | |
| ७ | उम्मेदवारको मनोनयन सूची प्रकाशन र दावी विरोध आव्हान | | | | | |
| ८ | उम्मेदवारको विरोधमा उजुरी दर्ता | | | | | |
| ९ | उम्मेदवारको विरोधमा परेको उजुरीको सूचना | | | | | |
| १० | उजुरी उपर छानविन र निर्णय | | | | | |
| ११ | उम्मेदवारको नामावली पुनःप्रकाशन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | उम्मेदवारको नाम फिर्ता | | | | | |
| १३ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | | | | | |
| १४ | मतदान | | | | | |
| १५ | मतगणना | | | | | |
| १६ | प्रमाण-पत्र प्रदान | | | | | |
| १७ | शपथ ग्रहण | | | | | |

..................
निर्वाचन प्रमुख

**अनुसूची २**

नेकपा (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

मतदाता नामावली प्रकाशनको सूचना ।

नेकपा (माओवादी केन्द्र),......................समितिको...........महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचन प्रयोजनको लागि निम्नानुसारको मतदाता नामावली प्रकाशित गरिएको छ ।

उक्त नामावलीमा नाम छुट भएको नाम सच्याउनु पर्ने वा नाम हटाउनु पर्ने भएमा निर्वाचन कार्यक्रममा उल्लेखित मिति, समय र स्थानमा स-प्रमाण दरखास्त वा उजुरी दिन समेत यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | सदस्यता नं. | नाम थर | जातीय समुदाय | ठेगाना | जन्ममिति | लिङ्ग | वर्ग | संगठित सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

...............

निर्वाचन प्रमुख

मितिः

समयः

**अनुसूची ३**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मतदाता नामावलीमा छुट नाम समावेश गर्ने दरखास्त ।

निर्वाचन प्रमुख,
निर्वाचन समितिको कार्यालय ।

नेकपा (माओवादी केन्द्र) ...................... समितिको ............ महाधिवेशन/अधिवेशन/सम्मेलनमा पदाधिकारी र सदस्यको निर्वाचन प्रयोजनको लागि प्रकाशित मतदाता नामावलीमा मेरो नाम छुट हुन गएकोले उक्त मतदाता नामावलीमा मेरो नाम समावेश गरि पाउँ भनी निम्न प्रमाणसहित निवेदन पेश गरेको छु ।

निवेदक
१) नाम थर :
२) ठेगाना :
३) संगठित सदस्यता न:

दरखास्त प्राप्त भएको
मितिः

निर्णयः यस निवेदन सम्बन्धमा आवश्यक प्रमाण बुझि मतदाता नामावलीमा नाम समावेश गर्ने/नगर्ने निर्णय
गरियो ।

.................
निर्वाचन प्रमुख

**अनुसूची ४**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मतदाता नामावली माथि दावी विरोधको दरखास्त ।

निर्वाचन प्रमुखज्यू,
निर्वाचन समितिको कार्यालय ।

नेकपा(माओवादी केन्द्र) ........................... समितिको ...........महाधिवेशन/अधिवेशन/सम्मेलनमा पदाधिकारी र सदस्यको निर्वाचन प्रयोजनको लागि प्रकाशित मतदाता नामावलीको क्रम संख्या............मा नाम समावेश भएका श्री ..................... ....निम्न लिखित कारणले मतदाता हुन अयोग्य भएको हुँदा निजको नाम सो मतदाता नामावलीबाट हटाइदिन हुन यो निवेदन पेश गरेको छु ।

**अयोग्यताको कारण :**

निवेदक :
नाम थर :
सही :
संगठित सदस्यता नं.

दरखास्त प्राप्त भएको
मितिः
समय :

निर्णय :
यस निवेदन सम्बन्धमा आवश्यक प्रमाण बुझि मतदाता नामावलीबाट नाम हटाउने र कायम गर्ने निर्णय गरियो ।

................
निर्वाचन प्रमुख

**अनुसूची ५**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

मतदाता नामावली माथि दावी विरोधको सूचना ।

नेकपा (माओवादी केन्द्र) ........................... समितिको ............ महाधिवेशन/अधिवेशन/सम्मेलनमा पदाधिकारी र सदस्यको निर्वाचन प्रयोजनको लागि प्रकाशित मतदाता नामावलीमा निम्न अनुसारका व्यक्तिहरूको नाममा दाबी विरोध परेकोले निर्वाचन कार्यक्रमको सूचनामा उल्लेखित दावी विरोध माथि छानविनको समयमा स्वयम् उपस्थित हुन सूचित गरिन्छ ।

| मतदाता क्र.सं. | नाम, थर | ठेगाना | दावी विरोधको व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| | | | | |

मितिः

समयः

..............

निर्वाचन प्रमुख

**अनुसूची ६**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

अन्तिम मतदाता नामावली प्रकाशनको सूचना ।

यस कार्यालयमा पर्न आएका दरखास्त र उजुरी उपर छानवीन गरी निम्नानुसारका नामहरू थपघट गरी अन्तिम मतदाता नामावली प्रकाशित गरिएको छ ।

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.

....................
निर्वाचन प्रमुख

## अनुसूची ७

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

अन्तिम मतदाता नामावली प्रकाशन गरेको मुचुल्का ।

नेकपा (माओवादी केन्द्र) ...................... समितिको ............. महाधिवेशन/अधिवेशन/सम्मेलनमा पदाधिकारी र सदस्यको निर्वाचन प्रयोजनको लागि निर्वाचन कार्यक्रम अन्तर्गत अन्तिम मतदाता नामावलीको सूचना आज मिति .... /.... / ..... को दिन हामी तपसील बमोजिमका मानिसहरूको रोहवरमा निर्वाचन समितिको कार्यालयमा प्रकाशित गरेको ठीक साँचो हो ।

तपसिल

१) नाम.....................................मतदाता क्रम संख्या हस्ताक्षर
२) नाम.....................................मतदाता क्रम संख्या हस्ताक्षर
३) नाम.....................................मतदाता क्रम संख्या हस्ताक्षर
४ नाम......................................मतदाता क्रम संख्या हस्ताक्षर

मुचुल्का गर्नेको सही ...............
नाम थर:
मिति:

**अनुसूची ८**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

वारेसनामा मनोनयन फारम ।

निर्वाचन प्रमुखज्यू,
निर्वाचन समितिको कार्यालय ।

नेकपा (माओवादी केन्द्र) .......................... समितिको .......... महाधिवेशन/अधिवेशन/सम्मेलनमा ....................... पदको निर्वाचनको लागि ............................ लाई वारेश मनोनयन गरेको छु ।

उम्मेदवारको नाम, थर
मतदाता क्र. सं. :
हस्ताक्षर

उपरोक्त बमोजिम वारेस हुन मञ्जुर गर्दछु ।
मतदाता क्र.सं. :
हस्ताक्षर

उपरोक्त बमोजिम वारेसनामा मेरो समक्ष दाखिल भएको हो ।

मितिः

................
निर्वाचन प्रमुख

**अनुसूची ९**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

उम्मेदवारको मनोनयन पत्र ।

निर्वाचन प्रमुखज्यू,
निर्वाचन समितिको कार्यालय ।

म नेकपा(माओवादी केन्द्र) ...................... समितिको .......... महाधिवेशन/अधिवेशन/सम्मेलनमा ............... पदमा उम्मेदवार बन्नको यो मनोनयन पत्र पेश गर्दछु ।

**मेरो विवरण यसप्रकार छ :**

१) नाम, थर.....................................ठेगाना ................................

२) मतदाता क्रम संख्या..........................संगठित सदस्यता न....................

३) हाल संगठित समिति..........................

समूह - महिला/युवा/दलित/मुस्लिम/खुल्ला

प्रस्तावक

१) नामः

मतदाता क्रमसंख्या

हस्ताक्षर :

समर्थक

१) नामः

मतदाता क्रम संख्याः

हस्ताक्षरः

निवेदकको नाम र थरः.................................

दस्तखत : ........................

मिति : ............................

निर्वाचन प्रमुखले भर्ने :

यो मनोनयन पत्र मिति......................को दिन....................बन्ने उम्मेदवार/प्रस्तावक/समर्थक वा वारेश.................................ले मेरो समक्ष दाखिल गरेको हो ।

...............

निर्वाचन प्रमुख

# अनुसूची १०

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

उम्मेदवारको मनोनयन पत्र दर्ता सूची प्रकाशन ।

नेकपा (माओवादी केन्द्र) ...................... समितिको ........ महाधिवेशन/अधिवेशन/सम्मेलनको प्रयोजनको लागि निम्न अनुसारको उम्मेदवारी मनोनयन पत्र दर्ताको सूची प्रकाशन गरिएको छ ।

| दर्ता नं. | उम्मेदवारको नाम | पद | लिङ्ग | निर्वाचन क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मितिः...............................

................
निर्वाचन प्रमुख

**अनुसूची ११**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

उम्मेदवार माथी दाबी विरोध दरखास्त ।

निर्वाचन प्रमुखज्यू,
निर्वाचन समितिको कार्यालय ।

नेकपा(माओवादी केन्द्र) ........................ समितिको ............ महाधिवेशन/अधिवेशन/सम्मेलनमा ................... पदमा उम्मेदवारी दिएका दर्ता नं .............. मा नाम दर्ता भएका श्री ................ निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयन पत्र खारेज गरि पाँऊ ।

उजुरीको कारण :-
............................................।

उजुर कर्ताको नाम, थर:
संगठित सदस्यता नं. :
उम्मेदवारी दर्ता नं :

हस्ताक्षर :

यो उजुरी मिति..................................को दिन............................. बजे प्राप्त भयो ।

...............
निर्वाचन प्रमुख

**अनुसूची १२**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

उम्मेदवारको विरोधमा उजुरीको सूचना ।

निर्वाचन प्रमुखज्यू,
निर्वाचन समितिको कार्यालय ।

नेकपा (माओवादी केन्द्र) ...................... मितिको ............. महाधिवेशन/अधिवेशन/सम्मेलनमा निर्वाचनको लागि निम्न लिखित ............. उम्मेदवारको विरोधमा उजुरी परेको सूचना प्रकाशित गरिएको छ ।

| उजुरी द. नं. | उजुरीकर्ता उम्मेदवार | प्रतिस्पर्धी उम्मेदवार | उजुरीको व्यहोरा |
|---|---|---|---|
| | | | |

................
निर्वाचन प्रमुख

**अनुसूची १३**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

निर्वाचन प्रमुखज्यू,
निर्वाचन समितिको कार्यालय ।

विषय : उम्मेदवारको नाम फिर्ता लिएको बारे ।

नेकपा (माओवादी केन्द्र).......................समितिको ...........महाधिवेशन/अधिवेशन/सम्मेलनमा ................पदमा मेरो उम्मेदवारी मनोनयन पत्र दर्ता गरिएकोमा सो निर्वाचनमा उम्मेदवार हुन हाल मलाई इच्छा नभएकोले राजिखुसीले आफ्नो नाम फिर्ता लिएको सूचना गर्दछु ।

मितिः
नाम, थर :
हस्ताक्षरः

निर्वाचन प्रमुखले भर्ने
यो सूचना मिति.........................को दिन,...............बजे यस कार्यालयमा दर्ता भयो ।
निर्णयः..................................................।

माथि उल्लेख गरे बमोजिमको सूचनाको आधारमा.............को नाम उम्मेदवारको सूचीबाट हटाइएको छ ।

मितिः
समयः

................
निर्वाचन प्रमुख

# अनुसूची १४

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

मनोनयन पत्र दर्ता किताब ।

| मनोनयन | मनोनित उम्मेदवारको विवरण | | | प्रस्तावकको विवरण | | | समर्थकको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पत्रको दर्ता नं. | नाम र थर | मतदाता क्र.सं. | ठेगाना | नाम र थर | मतदाता क्र.सं. | ठेगाना | नाम र थर | मतदाता क्र.सं. | ठेगाना |
| | | | | | | | | | |

कार्यालयको छाप

................

प्रमाणित गर्ने व्यक्तिको

सही :

नाम, थर : दर्जा :

मिति :

**अनुसूची १५**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

उम्मेदवारको नामावली प्रकाशन र अन्तिम नामावली प्रकाशन ।

नेकपा (माओवादी केन्द्र) ..................... समितिको..............महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचन प्रयोजनको लागि देहायको व्यक्तिको मनोनयन पत्र कार्यालयमा दर्ता भए बमोजिम उम्मेदवारको अन्तिम नामावलीको सूचना प्रकाशित गरिएको छ ।

| मनोनयन पत्र दर्ता नं. | उम्मेदवारको नाम | पद | दिन | निर्वाचन क्षेत्र |
|---|---|---|---|---|
| | | | | |

................
निर्वाचन प्रमुख

**अनुसूची १६**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

उम्मेदवारको परिचय पत्र ।

श्री............................

.................................

नेकपा (माओवादी केन्द्र) ....................समितिको .............महाधिवेशन/अधिवेशन/सम्मेलनमा तपाई ............... पदको उम्मेदवार हुनु भएकोले यो परिचय पत्र दिइएको छ ।

मिति :

................

निर्वाचन प्रमुख

# अनुसूची १७

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मतदान केन्द्र तोकिएको सूचना ।

नेकपा (माओवादी केन्द्र)......................समितिको.............महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचनको प्रयोजनका लागि मतदान केन्द्रको पूर्व.................पश्चिम................. उत्तर............दक्षिण.................यति चार किल्ला भित्रको ठाउँलाई मतदान केन्द्र तोकिएको छ ।

मितिः

................
निर्वाचन प्रमुख

**अनुसूची १८**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

मतपत्रको नमुना ।

| क्र.सं. | पद | उम्मेदवारको नाम | खुल्ला | समावेशी | मत संकेत |
|---|---|---|---|---|---|
| १ | | | | | √ |
| २ | | | | | √ |
| ३ | | | | | √ |
| ४ | | | | | √ |
| ५ | | | | | √ |
| ६ | | | | | √ |
| ७ | | | | | √ |
| ८ | | | | | √ |
| ९ | | | | | √ |

मतदान गर्न आफूले ईच्छाएको उम्मेदवारको नाममा ठिक (√) रेजा लगाउनु पर्नेछ । कोष्ठ बाहिर रेजा लगाएमा मतपत्र वदर हुनेछ ।

................

निर्वाचन प्रमुख

मितिः

## अनुसूची १९

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

प्रचार गर्न निषेध गरिएको सूचना ।

नेकपा (माओवादी केन्द्र)....................समितिको ............महाधिवेशन/अधिवेशन/सम्मेलनको तोकिएको मतदान केन्द्रको क्षेत्र भित्र मिति............. को दिन..........बजे देखि मतदानको कार्य समाप्त नभएसम्म कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको प्रचार कार्य पूर्णतय निषेध गरिएको छ । कसैले यो सूचनाको उल्लंघन गरेमा निजलाई आचारसंहिता बमोजिम कारवाही हुन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

................
निर्वाचन प्रमुख

मितिः

## अनुसूची २०

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मतदान प्रतिनिधिको नियुक्ति ।

नेकपा(माओवादी केन्द्र)........................... समितिको ........... महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचनमा म................पदमा उम्मेदवार भएकोले तपाई कमरेड......................लाई मेरो मतदान केन्द्र प्रतिनिधि नियुक्त गरेको छु । मेरो तर्फवाट तपाईले मतदान केन्द्र प्रतिनिधिको रुपमा गरेको काम कारवाहीमा मेरो मञ्जुरी छ ।

मिति :
नाम, थर :
हस्ताक्षर
(उम्मेदवार)

उपरोक्त बमोजिम निर्वाचन प्रतिनिधि हुन मञ्जुर गर्दछु ।
मिति :
नाम, थर :
हस्ताक्षर :

बोधार्थ
श्री निर्वाचन प्रमुख ज्यू
निर्वाचन समितिको कार्यालय

यो नियुक्ति पत्रको बोधार्थ मेरो समक्ष दाखिल भएको हो ।

................
निर्वाचन प्रमुख

मिति : ...................
समय : ....................

## अनुसूची २१

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

अनुमति पत्र ।

नेकपा (माओवादी केन्द्र) .....................समितिको .............. महाधिवेशन/अधिवेशन/सम्मेलनमा निर्वाचनको लागि मतदान भएको मतदान केन्द्रमा मतगणना गर्ने स्थानमा प्रवेश गर्न निम्नलिखित व्यक्तिलाई अनुमति दिइएको छ । यो अनुमति पत्र मतदान र मतगणनाको कार्य समाप्त नभएसम्म कायम रहने छ ।

१) नाम, थर

२) उमेर

३) ठेगाना

...............

निर्वाचन प्रमुख

**अनुसूची २२**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

लाहा छाप लागेको मुचुल्का ।

नेकपा (माओवादी केन्द्र) ...................... समितिको............ महाधिवेशन/अधिवेशन/सम्मेलनको मतदान केन्द्रमा मतदानको लागि ............ वटा मत पेटीकाहरू हामी तपसिलका मानिसहरूको रोहवरमा

रितपूर्वक बिर्को बन्द गरि मतदान मात्रै खसाल्ने ठाउँमा खाली राखि ............ चिन्ह भएको ............ संख्या लाहाछाप लागेको ठिक साँचो हो ।

तपसिल :

१) श्री ............................................वा निजको प्रतिनिधि

श्री.......................

२) श्री.............................................वा निजको प्रतिनिधि

श्री.......................

३) श्री.............................................वा निजको प्रतिनिधि

श्री.......................

..................

निर्वाचन प्रमुख

मितिः

**अनुसूची २३**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

मतदान सुरु भएको मुचुल्का ।

नेकपा (माओवादी केन्द्र) ...................... समितिको .......... महाधिवेशन/अधिवेशन/सम्मेलनमा निर्वाचनको लागि हामी तपसिलका मानिसहरुको रोहवरमा आज ........ साल ............. महिना .........रोजका दिन ........... गते मतदान कार्य सुरु भएको ठीक साँचो हो ।

तपसिल

१) उम्मेदवार वा निजको प्रतिनिधि श्री.....................................................

२) उम्मेदवार वा निजको प्रतिनिधि श्री ...................................................

३) उम्मेदवार वा निजको प्रतिनिधि श्री...................................................

४) उम्मेदवार वा निजको प्रतिनिधि श्री...................................................

५) उम्मेदवार वा निजको प्रतिनिधि श्री.....................................................

................

निर्वाचन प्रमुख

मिति :

# अनुसूची २४

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मतगणना गरिने मिति, समय र स्थान तोकेको सूचना ।

नेकपा (माओवादी केन्द्र) ........................ समितिको ........ महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचनको लागि भएको मतदानको मतगणना कार्य मिति.................को दिन.................बजे देखि...............उम्मेदवार वा निजको प्रतिनिधि मतगणना स्थलमा तोकिएको समयमा उपस्थित नभएमा पनि मतगणना प्रारम्भ हुनेछ ।

...............
निर्वाचन प्रमुख

मितिः..................................

## अनुसूची २५

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मतपेटिका जाँच गरेको मुचुल्का ।

नेकपा (माओवादी केन्द्र) ......................समितिको..........महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचनको मतगणनाको लागि मतपेटिकाको जाँच गर्दा मतपत्र राखिएको ...........वटा मतपेटिकाहरुको सीलछाप र लाहाछाप समेत दुरुस्त देखिएको छ र निम्नलिखित बमोजिम कैफियत देखिएको छ ।

मतपेटिकामा देखिएको कैफियत

१)

२)

३)

तपसील

१) उम्मेदवार वा निजको प्रतिनिधि श्री..................................................।

२) उम्मेदवार वा निजको प्रतिनिधि श्री..................................................।

३) उम्मेदवार वा निजको प्रतिनिधि श्री..................................................।

४) उम्मेदवार वा निजको प्रतिनिधि श्री..................................................।

५) उम्मेदवार वा निजको प्रतिनिधि श्री..................................................।

मिति :

समय :

स्थान :

................

निर्वाचन प्रमुख

# अनुसूची २६

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

मतगणना सुरु गरेको मुचुल्का ।

नेकपा (माओवादी केन्द्र) ......................समितिको ............ महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचनको मतगणना आज मिति ....................को दिन........... बजे देखि सुरु भएको ठीक हो, साँचो हो, भनि यो मुचुल्का गरिदियौं ।

तपसिल

| क्र.सं. | नाम, थर | मतदाता क्र. सं. | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

मिति :

समय

स्थान

..............

निर्वाचन प्रमुख

## अनुसूची २७

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मतगणना फाराम- १ ।

नेकपा (माओवादी केन्द्र) ....................... .समितिको ............ महाधिवेशन/अधिवेशन/सम्मेलनमा ............ पदको लागि भएको मतगणना देहाय बमोजिम छ ।

१) कुल मतदाता संख्याः  २) कुल मतदान संख्याः

३) कुल सदर मत :  ४) कुल बदर मत :

संख्या :

| उम्मेदवारको नाम | जम्मा सदर मत | जम्मा बदर मत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

....................

मतगणना गर्नेको सही :

**अनुसूची २८**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

मतगणना फाराम २ ।

नेकपा (माओवादी केन्द्र)......................समितिको ............महाधिवेशन/अधिवेशन/सम्मेलनमा ........... पदको लागि भएको मतगणना देहाय बमोजिम छ ।

| उम्मेदवारको नाम र थर | प्राप्त सदर मत | | | | |
|---|---|---|---|---|---|
| | केन्द्र १ | केन्द्र २ | केन्द्र ३ | केन्द्र ४ | जम्मा |
| | | | | | |

..............

निर्वाचन प्रमुख

# अनुसूची २९

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

मत बराबर भएकोमा गोला प्रथाद्वारा निर्णय गरेको मुचुल्का ।

नेकपा (माओवादी केन्द्र)....................समितिको ............. महाधिवेशन/अधिवेशन/सम्मेलनको पदको निर्वाचनको लागि मतदान भएको गणना गर्दा निम्नलिखित उम्मेदवारहरुले बराबर मत प्राप्त गरेकाले गोला प्रथाद्वारा निर्णय गर्दा विजयी भएको कुरा मञ्जुर गर्दछौं ।

तपसिल

१) उम्मेदवार वा निजको प्रतिनिधि श्री :
२) उम्मेदवार वा निजको प्रतिनिधि श्री :
३) उम्मेदवार वा निजको प्रतिनिधि श्री :
४) उम्मेदवार वा निजको प्रतिनिधि श्री :
५) उम्मेदवार वा निजको प्रतिनिधि श्री :

अन्य उपस्थिति

१) .................
२).................
३)..................

मिति
समय :
स्थान

..............
निर्वाचन प्रमुख

**अनुसूची ३०**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

निर्वाचन परिणामको घोषणा ।

नेकपा (माओवादी केन्द्र)........................समितिको..........महाधिवेशन/अधिवेशन/सम्मेलनको निर्वाचनमा देहायका उम्मेदवारहरुले देहाय बमोजिम मत प्राप्त गर्नुभएकोले यो निर्वाचन परिणाम घोषणा
गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | पद | प्राप्त सदर मत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

मिति :
समय :
स्थान :

..............
निर्वाचन प्रमुख

**अनुसूची ३१**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग

निर्वाचन समिति

प्रमाण-पत्र ।

मिति ......................... मा सम्पन्न ......................... महाधिवेशन/अधिवेशन/सम्मेलनबाट तपाई क ........................ पदमा निर्विरोध/निर्वाचित हुनुभएकोमा यो प्रमाण-पत्र प्रदान गरिएको छ । तपाईको कार्यकालको सफलताको कामना गर्दछौं ।

मिति :

| | |
|---|---|
| ....................... | ....................... |
| संयोजक | अध्यक्ष |
| निर्वाचन समिति | केन्द्रीय निर्वाचन आयोग |

## अनुसूची ३२

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन समिति

प्रशंसा -पत्र ।

मिति ..................मा सम्पन्न भएको नेकपा (माओवादी केन्द्र) को ........................................ महाधिवेशन/अधिवेशन/सम्मेलनमा तपाई निर्वाचन समितिको ....................... पदमा रही सफलतापूर्वक कार्यसम्पादन गर्नुभएकोमा हार्दिक धन्यवादसहित यो प्रशंसा-पत्र प्रदान गरिन्छ । उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक क्रान्तिकारी अभिवादन ।

| | |
|---|---|
| ...................... | ...................... |
| संयोजक | अध्यक्ष |
| निर्वाचन समिति | केन्द्रीय निर्वाचन आयोग |

मिति :

## शपथ ग्रहणको व्यहोरा

(विधानको धारा ४०(१) सँग सम्बन्धित)

म.....................................नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को .................. जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा पार्टीको झण्डा सामु उभिएर प्रतिज्ञा गर्दछु ।

म पार्टीको मार्गदर्शक सिद्धान्त कार्यक्रम र नीतिलाई दृढताका साथ अनुशरण गर्नेछु । पार्टी विधानलाई इमान्दारीका साथ पालना गर्नेछु । पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउने छु । सबैखाले प्रतिक्रियावादी शक्ति, गलत विचार र गलत व्यवहारका विरुद्ध दृढतापूर्वक जुझिरहनेछु ।

नेपाली क्रान्ति - जिन्दावाद !
मार्क्सवाद, लेनिनवाद, माओवाद - जिन्दावाद !
आदरणीय अमर शहीदहरू - लालसलाम
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) - जिन्दावाद ! जिन्दावाद !

हस्ताक्षर : मितिः...........................
नाम :
ठेगाना :

नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
निर्वाचन आचारसंहिता-२०७८

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) तथा यस पार्टीका घोषित जनवर्गीय संगठनहरूको आन्तरिक निर्वाचनलाई पूर्ण लोकतान्त्रिक, स्वच्छ, निष्पक्ष र विश्वसनीय रुपले सम्पादन गर्नका लागि सम्बन्धित सरोकारवालाहरुले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले पार्टी विधानको धारा १९(३) ले केन्द्रीय निर्वाचन आयोगलाई दिएको अधिकारहरूको प्रयोग गरी यो आचारसंहिता निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद - १

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस आचारसंहिताको नाम नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), **'केन्द्रीय निर्वाचन आयोग, निर्वाचन आचारसंहिता २०७८'** रहनेछ ।

(ख) यो आचारसंहिता तुरुन्त लागू हुनेछ ।

### २. आचारसंहिता लागू हुने पक्षहरू :

(क) नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का पार्टी निकायहरू, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परिक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय सल्लाहकार परिषद्, जेष्ठ कम्युनिष्ट मञ्च, पार्टीको आन्तरिक निर्वाचनका उम्मेदवार प्रतिनिधि र मतदाताहरु,

(ख) पार्टीद्वारा घोषित जनवर्गीय संगठनहरू, पेशागत, मोर्चा, संगठन र आबद्ध जनसंगठनहरू तथा त्यसका उम्मेदवार, उम्मेदवार प्रतिनिधिहरू,

(ग) निर्वाचन समिति र आयोगले निर्वाचनको काममा खटाएका व्यक्तिहरु ।

## परिच्छेद-२

### ३. आचारसंहिता लागू हुने पक्षले पालना गर्नुपर्ने आचरण :

(क) कुनै धर्म, सम्प्रदाय, जात/जाती, लिङ्ग, भाषा, समुदाय वा क्षेत्रीय आधारमा द्वेष उत्पन्न हुने वा सद्भाव खल्बलिने गरी निर्वाचन प्रचारप्रसार गर्न/गराउनु हुँदैन । प्रचार-प्रसारको क्रममा प्रयोग गरिने भाषा शिष्ट र मर्यादित हुनुपर्दछ ।

(ख) मतदान कार्य सुरु भएदेखि केन्द्र भित्र मतदानको काम सम्पन्न नहुँदासम्मका लागि निर्वाचन प्रचारप्रसार हुनेगरी कुनै सामाग्री प्रदर्शन गर्न वा सामाग्री बाँड्न पाइने छैन ।

(ग) पार्टीको घोषित नीति, सिद्धान्त कार्यक्रम विपरित प्रचारप्रसार गर्न/गराउन पाइने छैन ।

(घ) निर्वाचन आयोगले तोकेको निर्वाचन क्षेत्रभित्र कुनै प्रकारको प्रचारप्रसार सामाग्रीहरू (पर्चा, पोष्टर, व्यानर) टाँस्न र सभा-जुलस गर्न/गराउन पाइने छैन ।

(ङ) उम्मेदवार तथा मतदाताहरुले व्यक्तिगत आधारमा बाहेक समूहगत आधारमा प्रचारप्रसार गर्न, प्रचार
सामाग्री प्रकाशन तथा वितरण गर्न, मत माग्न र नामावली बाँड्न पाइने छैन ।

(च) समूहगत आधारमा उम्मेदवारको नामावली लेखिएको वा छापिएको सामाग्रीहरू हेरि मतदान गर्न पूर्णतः निषेध गरिएको छ ।

(छ) धुम्रपान वा मद्यपान सेवन गरी तोकिएको निर्वाचन क्षेत्रभित्र प्रवेश गर्न पाइने छैन ।

(ज) कुनै प्रकारको धाकधम्की, त्रास वा प्रलोभनमा पारेर सरोकारवालाहरू कसैलाई पनि आफ्नो कर्तव्य पालनबाट विचलित गराउन हुँदैन । मतदातालाई उसको इच्छा विपरित मतदान गर्न बाध्य पार्न पाइने छैन ।

(झ) कसैले पनि निर्वाचन विथोल्न वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सृजना हुने वा निर्वाचनमा अवरोध हुन गरी कुनै कार्य गर्न/गराउन पाइने छैन ।

(ञ) मतदातालाई मतदान गर्न जान वञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्न गराउन पाइने छैन ।

(ट) मतदाताले मतदानका लागि तोकिएको मतदान क्षेत्रभित्र प्रवेश गर्दा कुनै प्रकारको प्रचार सामाग्री साथमा लिइ प्रवेश गर्न पाइने छैन ।

(ठ) मतदातालाई प्रभावित गर्ने उद्देश्यले भोज भतेरको आयोजना गर्न/गराउन र मादक पदार्थको सेवन गरी प्रचारप्रसार गर्न/गराउन पाइने छैन ।

(ड) निर्वाचन आचारसंहिता भङ्ग गर्ने वा निर्वाचन बिथोल्ने गरी कसैले कुनै पनि प्रकारको काम कारवाही गरेको थाहा पाउने व्यक्तिले निर्वाचन आयोग वा निर्वाचन समितिमा अविलम्ब जानकारी गराउनु पर्दछ, निज आफैले त्यस्तो व्यक्ति उपर कुनै किसिमको कारवाही गर्न पाइने छैन ।

(ढ) निर्वाचन आयोगका पदाधिकारी सदस्यहरू, निर्वाचन समितिका पदाधिकारी सदस्यहरू, निर्वाचनमा खटाइएका स्वयंसेवकहरू एवम् आयोगद्वारा निर्वाचनमा खटाइएका कुनै पनि व्यक्तिले उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार, समर्थन वा विरोध गर्न हुँदैन । निष्पक्ष र तटस्थ भूमिका खेल्नु पर्दछ ।

(ण) नेपाल सरकारका मन्त्रीहरू, राजनीतिक नियुक्ति पाएका व्यक्तिहरू, जनप्रतिनिधिमूलक निकायमा निर्वाचित वा मनोनित पदाधिकारीहरू आदिले पदीय हैसियतको दुरूपयोग हुने गरी उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्न कसैलाई प्रभावमा पार्न पाइने छैन ।

(त) स्वतन्त्र रूपमा आफ्नो अभिमत व्यक्त गर्ने मतदानको अधिकारको संरक्षण गर्ने सन्दर्भमा सत्य, तथ्य र पूर्वाग्रहरहित सूचना सम्प्रेषणमा जोड दिनुपर्नेछ । मतदातालाई भ्रममा पार्ने गरी निर्वाचन सम्बन्धी वा उम्मेदवार सम्बन्धी सूचना प्रकाशन र प्रचारप्रसार गर्न पाइने छैन ।

(थ) निर्वाचन आचारसंहिताको उल्लंघन भएको पाइएमा त्यस्तो उल्लंघन सच्याउन निर्वाचन आयोगले सम्बन्धित व्यक्तिलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन सम्बन्धित व्यक्तिले पालना गर्नुपर्नेछ ।

(द) आचारसंहिताको उल्लंघन जोसुकै व्यक्तिले गरेको भएपनि आयोगले दिएको निर्देशन पालना नगरेमा त्यसको गम्भीरता समेतलाई ध्यानमा राखी कारबाही अघि बढाइने छ ।

(ध) निर्वाचन आचारसंहिता उल्लंघनको कार्य सच्याउन निर्वाचन आयोगले दिएको निर्देशन पालना नगर्ने व्यक्तिलाई आयोगले निर्वाचनका लागि तोकिएको क्षेत्रबाट निर्वाचन अवधिभर हटाउने निर्देशन दिन सक्नेछ ।

(न) केन्द्रीय निर्वाचन आयोगले आदेश जारी गरी यस आचारसंहिताको कार्यान्वयनमा परेको बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची १

दफा (३) १३ सँग सम्बन्धित

मिति :

विषय : आचारसंहिताको उल्लंघन सम्बन्धमा ।

केन्द्रीय निर्वाचन आयोगद्वारा अनुगमन गरिएको ……………………समितिको निर्वाचनको सिलसिलामा निर्वाचन आचारसंहिता उल्लंघन भएकोले आवश्यक कारबाहीका लागि यो निवेदन पेश गरेको छु ।

**आचारसंहिता उल्लंघन गर्नेको**

नाम :
ठेगाना :
संगठन :
उल्लंघनको व्यहोरा :
दस्तखत :

**निवेदकको**

नाम :
ठेगाना :
संगठन :
दस्तखत :

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

केन्द्रीय निर्वाचन आयोग, कार्यसम्पादन नियमावली

(पहिलो संसोधन- २०८१)

**प्रस्तावना**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को विधान-२०८० ले पार्टीको विभिन्न तह र जनवर्गीय संगठनका केन्द्रीय निकायहरुको निर्वाचन गर्न केन्द्रीय निर्वाचन आयोगको व्यवस्था गरेकोले, पार्टी विधानको अधिनमा रही पार्टीभित्र हुने आवधिक निर्वाचन, निर्वाचनको अनुगमन, निर्वाचन सम्बन्धी नीतिनिर्माण, आचारसंहिता निर्माण, निर्वाचन पद्धति निर्धारण र निर्वाचन सम्बन्धी विवाद समाधानलाई व्यवस्थित गर्न नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), केन्द्रीय निर्वाचन आयोगले यो **'केन्द्रीय निर्वाचन आयोग, कार्यसम्पादन नियमावली २०७८'** संसोधन सहित जारी गरेको छ ।

## परिच्छेद - १

### १. नाम र प्रारम्भ :-

क) यस नियमावलीको नाम : नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), **'केन्द्रीय निर्वाचन आयोग, कार्यसम्पादन नियमावली २०७८'** रहनेछ ।

ख) यो नियमावली निर्वाचन आयोगको बैठकबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

### २. परिभाषा :-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क) 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई जनाउने छ ।

ख) 'विधान' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को विधानलाई जनाउने छ ।

ग) 'आयोग' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को केन्द्रीय निर्वाचन आयोगलाई जनाउने छ ।

घ) 'अध्यक्ष' भन्नाले केन्द्रीय निर्वाचन आयोगका अध्यक्षलाई जनाउने छ ।

ङ) 'सचिव' भन्नाले केन्द्रीय निर्वाचन आयोगका सचिवलाई जनाउने छ ।

च) 'सदस्य' भन्नाले केन्द्रीय निर्वाचन आयोगका सदस्यलाई जनाउने छ ।

छ) 'नियमावली' भन्नाले निर्वाचन नियमावलीलाई जनाउने छ ।

ज) 'निर्वाचन समिति' भन्नाले यस आयोगले निर्वाचन प्रयोजनको लागि गठन गर्ने निर्वाचन समितिलाई जनाउने छ ।

झ) 'उम्मेदवार' भन्नाले पार्टीको सम्बन्धित समितिको पदाधिकारी, सदस्य, घोषित जनवर्गीय संगठनको पदाधिकारी र सदस्यको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिलाई जनाउने छ ।

ञ) 'समिति' भन्नाले पार्टीका समितिहरू र घोषित जनवर्गीय संगठनका समितिहरुलाई समेत जनाउने छ ।

## परिच्छेद - २

### ३. आयोगको काम, कर्तव्य र अधिकार :-

१) विधानको अधिनमा रही आयोगको कार्य सम्पादन नियमावली निर्माण गरी लागू गर्ने ।

२) कार्य सम्पादन नियमावलीको आधारमा निर्वाचन नियमावली निर्माण गरी लागू गर्ने ।

३) आचारसंहिता तयार गरी लागू गर्ने ।

४) निर्वाचनको लागि निर्वाचन समिति र निर्वाचन प्रमुख तोक्ने ।

५) निर्वाचन समितिले पार्टी विधान, निर्वाचन सम्बन्धी नियमावली, निर्देशिका र आयोगले दिएको निर्देशन विपरित कार्य गरेमा उक्त निर्वाचन समिति विघटन गरी अर्को निर्वाचन समिति गठन गर्ने ।

६) निर्वाचन गराउनु पर्ने पदाधिकारी र सदस्यहरूको निर्वाचनका लागि सम्बन्धित समितिबाट प्राप्त मतदाता नामावली प्रकाशित गर्ने/गराउने ।

७) विभिन्न तहका समितिहरूको निर्वाचन सम्बन्धी सूचना प्रकाशित गर्ने ।

८) केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।

९) प्रदेश समितिका पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने ।

१०) नगर/गाउँपालिका र वडा स्तरीय पदाधिकारी एवम् सदस्यहरुको निर्वाचन गर्ने ।

११) केन्द्रीय निकायहरु (राष्ट्रिय महाधिवेशन, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय अनुशासन आयोग)का पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

१२) जनवर्गीय, पेशागत, मोर्चा र अन्य सामाजिक संगठनहरुको केन्द्रीय समितिका पदाधिकारी एवम् सदस्यहरुको निर्वाचन गर्ने ।

१३) निर्वाचित पदाधिकारीहरू र सदस्यहरूलाई निर्वाचित भएको प्रमाण-पत्र प्रदान गर्ने ।

१४) प्रदेश, नगर/ गाउँपालिका समितिका पदाधिकारी एवम् सदस्यहरुको निर्वाचनको अनुगमन गर्ने ।

१५) विभिन्न तहको समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन प्रक्रिया निर्धारण गर्ने ।

१६) सबै तहका समितिहरूको निर्वाचनसँग सम्बन्धित उजुरी सुन्ने, सदर, बदर र पुनःनिर्वाचन गर्न र गराउन निर्देशन दिने ।

१७) आवधिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१८) आयोगका पदाधिकारी र सदस्यहरूबीच कार्य विभाजन गर्ने ।

१९) निर्वाचन सम्बन्धी विषयमा अन्तरक्रिया, गोष्ठी, छलफल तथा प्रशिक्षण कार्यक्रम गर्ने गराउने ।

२०) आयोगले सम्पादन गर्ने कामको सम्बन्धमा कुनै पनि सदस्यलाई आयोगबाट विशेष जिम्मेवारी दिएर पठाउने ।

२१) पार्टीको कुनै पनि समितिहरूसँग निर्वाचनसँग सम्बन्धित विषयहरूमा जानकारी लिने ।

२२) पार्टीका वडा समिति वा सोभन्दा माथिका समितिहरूको निर्वाचन मिति, समिति संख्या तथा अवधिको अभिलेख राख्ने ।

२३) महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रीय समितिको बैठकमा आयोगको तर्फबाट प्रतिवेदन पेश गर्ने ।

२४) निर्वाचन व्यवस्थापनका लागि आवश्यकता अनुसार निर्देशिका जारी गर्ने ।२५) पार्टी समितिहरूलाई निर्वाचनसँग सम्बन्धित सल्लाह, सुझाव र निर्देशन दिने ।

२६) आयोगको अध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनात्मक कारबाही गर्ने र राजीनामा स्वीकृत गर्ने ।

२७) पार्टीका वडा, नगर/गाउँपालिका समिति र सो भन्दामाथिका समितिहरूबाट निर्वाचन सम्बन्धी रिपोर्ट माग गर्ने ।

२८) पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सामाजिक संगठनहरुको निर्वाचन सम्बन्धी अनुगमन र नीतिगत मार्ग निर्देशन दिने ।

२९) आयोगका कुनै पदाधिकारी वा सदस्य अनुशासनको कारवाहीमा परी वा राजीनामा स्वीकृत भई वा निजको निधन हुन गई वा अन्य कुनै कारणले पद रिक्त हुन आएमा आयोगले विधानको धारा ३४(३) बमोजिम योग्यता पुगेका व्यक्तिलाई बाँकी अवधिका लागि सो रिक्त पदमा नियुक्ति गर्न राष्ट्रिय परिषद्मा सिफारिस गर्ने ।

३०) निर्वाचनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवहरु आदान प्रदान गर्ने ।

३१) निर्वाचनलाई छिटोछरितो, भरपर्दो र विश्वासनीय ढङ्गबाट सम्पन्न गर्न आवश्यक पर्ने तालिम तथा
जानकारीमुलक प्रशिक्षणको व्यवस्था गर्ने ।

३२) आयोगको अनुमति बेगर गरिएका यस आयोगको कार्यक्षेत्र भित्र पर्ने पार्टी एवम् जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सामाजिक संगठनहरुको आन्तरिक निर्वाचनहरुलाई बदर गरी पुनःनिर्वाचन गर्ने ।

३३) आयोगले निर्वाचन कार्यका लागि सम्बन्धित पार्टी समितिको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने ।

३४) मापदण्ड र आचारसंहिता लागू भए नभएको अनुगमन गर्ने ।

३५) निर्वाचनको विषयमा छानबिन गर्नुपर्ने भएमा छानविन समिति गठन गर्ने ।

३६) आयोगले जारी गरेको नियमावली, निर्देशिका, आचारसंहिता एवम् आदेश पालना नगर्ने पार्टी समिति एवम् जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सामाजिक संगठनहरुको सदस्यहरुलाई कार्वाही गर्ने, निर्वाचन सुचारु गर्न आइपर्ने बाधा फुकाउने, कारबाही गर्ने र थप कारबाहीको लागि अनुशासन आयोग र महाधिवेशनमा पेश गर्ने ।

३७) पार्टी सहभागी हुने कुनै पनि निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार हुने व्यक्तिको मापदण्ड, आचारसंहिता तथा निर्वाचन सम्बन्धी विषयमा पार्टीलाई सुझाव दिने ।

## परिच्छेद -३

### ४) अध्यक्षको काम, कर्तव्य र अधिकार :-

१) बैठकको अध्यक्षता गर्ने ।

२) आयोगलाई नेतृत्व प्रदान गर्ने ।

३) आयोगले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने ।

४) पार्टी केन्द्रीय समिति, पोलिटब्युरो र स्थायी समितिमा आयोगको प्रतिनिधित्व, सम्पर्क र समन्वय गर्ने ।

५) आयोगका तर्फबाट महाधिवेशन, राष्ट्रिय परिषद् तथा केन्द्रीय समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

६) निर्वाचन सम्बन्धी कामको सन्दर्भमा आवश्यकता अनुसार विभिन्न समितिहरूको बैठक र कार्यक्रमहरूमा उपस्थित हुने ।

७) राष्ट्रिय परिषद्को बैठकमा भाग लिने ।

८) आयोगको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

९) आयोगले तोकेका अन्य कार्य गर्ने ।

### ५) सचिवको काम, कर्तव्य र अधिकार :-

१) अध्यक्षको परामर्शमा बैठक बोलाउने ।

२) अध्यक्षसँग परामर्श गरी बैठकमा प्रस्तुत गर्ने कार्यसूची तयार गर्ने ।

३) आयोगको कार्यालय सञ्चालन गर्ने ।
४) अध्यक्षको परामर्शमा आयोगको कार्ययोजना तयार गरी बैठकमा पेश गर्ने ।
५) आयोगको प्रतिवेदन तयार गर्न अध्यक्षलाई सहयोग गर्ने ।
६) राष्ट्रिय परिषद्को बैठकमा भाग लिने ।
७) निर्वाचन सम्बन्धी कामको सन्दर्भमा आवश्यकता अनुसार विभिन्न समितिहरूको बैठक र कार्यक्रमहरूमा उपस्थित हुने ।
८) आयोगले तोकेका अन्य कार्यहरू गर्ने ।

**६) सदस्यहरूको काम, कर्तव्य र अधिकार :-**

१) आयोगको बैठकमा नियमित रूपमा उपस्थित हुने र निर्णय प्रक्रियामा सहभागी हुने ।
२) राष्ट्रिय परिषद्को बैठकमा भाग लिने ।
३) निर्वाचन सम्बन्धी कामको सन्दर्भमा आवश्यकता अनुसार समितिहरूको बैठक र कार्यक्रममा उपस्थित हुने ।
४) आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।

**७) सचिवालयको गठन :-**

१) आयोगले आफ्नो कार्य सम्पादनको लागि सचिवालय गठन गर्नेछ ।
२) सचिवालयमा आयोगको सदस्य संख्याको एक तिहाइमा नबढ्ने गरी अध्यक्ष र सचिव सहितको सदस्य संख्या रहनेछ ।
३) आयोगको अध्यक्ष र सचिव सचिवालयको अध्यक्ष र सचिव हुनेछन् ।

**८) सचिवालयको काम, कर्तव्य र अधिकार :-**

क) आयोगले गरेका निर्णयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने/गराउने ।
ख) आयोगको कार्यसुची, कार्ययोजना तथा प्रस्तावहरू तयार गर्ने ।
ग) आयोगले गरेका निर्णय कार्यान्वयनको अनुगमन गर्ने ।
घ) नियमित बैठक बस्न नसकेमा सचिवालयको बैठक बसी निर्णय गर्ने र पूर्ण बैठकबाट अनुमोदन गराउने ।

**९) कार्यालय :-**

१) आफ्नो दैनिक कार्य सम्पादनका लागि आयोगको छुट्टै कार्यालय हुनेछ ।
२) कार्यालय सञ्चालनका लागि आवश्यकता अनुसार अन्य कर्मचारी रहने छन् ।

**१०) निर्वाचनसँग सम्बन्धित उजुरी ग्रहण तथा छानविन :-**

१) कुनै पनि तहको निर्वाचनमा आचारसंहिता लागू हुने पक्षले निर्वाचन नियमावली र आचारसंहिता विपरीत क्रियाकलाप गरेको सम्बन्धमा सम्बन्धित समितिको निर्वाचनका मतदाताले आयोग समक्ष उजुर दिन सक्नेछन् ।
२) निर्वाचन र अन्य गतिविधी बारे तत्काल उजुरी दिनुपर्नेछ ।
३) निर्वाचन परिणाम बारे चित्त नबुझेमा ७ दिनभित्र उजुरी दिनुपर्नेछ ।
४) उपनियम १, २ र ३ बमोजिम परेको उजुरी उपर सुनवाई गर्न आयोगले छानवीन समिति गठन गर्ने वा अन्य व्यवस्था गर्नेछ ।

५) छानबीन समितिको कार्यविधि आयोगले तोकेअनुसार हुनेछ ।

## ११) पुनरावेदन :-

१) निर्वाचनको विषयमा सम्बन्धित उम्मेदवार तथा मतदाताले आयोगको निर्णयउपर चित्त नबुझेमा महाधिवेशनमा लिखित रूपमा उजुरी दिन सक्नेछन् ।

२) निर्वाचनको क्रममा भएका काम कार्यवाहीमा चित्त नबुझे १५ दिन भित्र आयोग समक्ष पुनरावेदन गर्नसक्नेछ । त्यसरी परेको पुनरावेदनउपर आयोगको पूर्ण बैठकले सुनुवाई गरी निर्णय गर्नेछ ।

३) पुनरावेदनमा विधान, निर्वाचन सम्बन्धी नियमावली, निर्देशिका विपरित भएको व्यहोरा खुलाएको हुनुपर्नेछ ।

# परिच्छेद - ४

## १२) बैठक सम्बन्धमा :-

१) सामान्यतः आयोगको पूर्ण बैठक तीन-तीन महिनामा हुनेछ । आवश्यकता अनुसार सचिवालयले जुनसुकै समयमा बैठक बोलाउन सक्नेछ ।

२) बैठकको गणपुरक संख्या सम्पूर्ण सदस्य संख्याको सामान्य बहुमतलाई मानिनेछ ।

३) बैठकको निर्णय सामूहिक छलफलबाट गरिनेछ । निर्णयमा सदस्यहरु बीच मत मतान्तर भएमा उपस्थित सदस्य संख्याको बहुमतद्वारा निर्णय गरिनेछ । बराबर मत भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

४) आयोगका पदाधिकारी तथा सदस्यहरु बिना सूचना बैठकमा लगातार ३ पटकसम्म अनुपस्थित भएमा विधानको धारा ३५(१) अनुसार अनुशासनको कारवाही हुनेछ ।

# परिच्छेद - ५

## १३) निर्वाचन समितिको गठन :-

१) आयोगले पार्टीको सबै तहको (महाधिवेशन, अधिवेशन र सम्मेलन) केन्द्रीय निकायहरु तथा जनवर्गीय, पेशागत, र अन्य संगठनहरुको केन्द्रीय सम्मेलनहरुको निर्वाचन प्रयोजनका लागि निर्वाचन नियमावली २०७८ मा तोकिए बमोजिमको संख्यामा निर्वाचन समिति गठन गर्नेछ ।

२) निर्वाचन समितिको काम, कर्तव्य र अधिकार निर्वाचन नियमावली २०७८ बमोजिम हुनेछ ।

# परिच्छेद - ६

## १४) कोष र कोषको सञ्चालन :-

केन्द्रीय निर्वाचन आयोगको आफ्नो एउटा छुट्टै कोष हुनेछ । उक्त कोषमा निम्नअनुसारको रकम हुनेछ

१) पार्टी केन्द्रीय कोषबाट प्राप्त रकम ।

२) विशिष्ट कामको लागि आर्थिक र अन्य सहयोगबाट प्राप्त रकम र निर्वाचनको प्रयोजनका लागि उम्मेदवारको दरखास्त फारम, अनुसूची फारम बिक्री र उम्मेदवारी दर्ता दस्तुरबाट प्राप्त रकम ।

३) निर्वाचन आयोगको एभरेष्ट बैंक नयाँ वानेश्वर शाखाको चल्ती खाता नं.००१००१०५२०२६७४ मा उक्त कोष जम्मा हुनेछ ।

४) कोषको सञ्चालन आयोगको अध्यक्ष र सचिवको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

५) पार्टीका विभिन्न तह र जनवर्गिय संगठनहरुको हकमा निर्वाचन मनोनयन बापतको शुल्क निम्नानुसार निर्धारण गरिएको छ :-

**(क) पार्टीगत तहहरुमा**

१. वडा स्तरीय समितिको मनोनयन शुल्क : पदाधिकारी -रु. २००।- सदस्यहरु - रु. १००।-

२. पालिका स्तरीय समितिको मनोनयन शुल्क : पदाधिकारी -रु. ५००।- सदस्यहरु - रु. ३००।-

३. प्रदेश स्तरीय समितिको मनोनयन शुल्क :पदाधिकारी-रु. १५००।-सदस्यहरु -रु. १०००।-

४. केन्द्रीय स्तरीय समितिको मनोनयन शुल्क :-

१. अध्यक्ष : रु. ५०००।-

२. वरिष्ठ उपाध्यक्ष : रु. ४०००।-

३. उपाध्यक्ष : रु. ३०००।-

४. महा-सचिव : रु. ३०००।-

५. उप-महासचिव : रु. ३०००।-

६. सचिव : रु. ३०००।-

७. कोषाध्यक्ष : रु. ३०००।-

८. सदस्यहरु : रु. २०००।-

**(ख) जनवर्गीय संगठन/मोर्चा तहहरुमा**

१. केन्द्रीय जनवर्गीय संगठन/मोर्चाको मनोनयन शुल्क : पदाधिकारी रु. १०००।- सदस्यहरु रु. ५००।-

२. प्रदेश जनवर्गीय संगठन/मोर्चाको मनोनयन शुल्क : पदाधिकारी रु. ७००।- सदस्यहरु रु. ४००।-

३. जिल्ला जनवर्गीय संगठन/मोर्चाको मनोनयन शुल्क : पदाधिकारी रु. ५००।- सदस्यहरु रु. ३००।-

४. पालीका स्तरीय जनवर्गीय संगठनको मनोनयन शुल्क : पदाधिकारी रु. २००।- सदस्यहरु रु. १००।-

५. वडा स्तरीय जनवर्गीय संगठनको मनोनयन शुल्क : पदाधिकारी रु. १००।- सदस्यहरु रु. ५०।-

६. पार्टी वा जनवर्गीय सङ्गठन/मोर्चामा विभिन्न तहमा मनोनित हुने पदाधिकारी वा सदस्यहरुको हकमा
सोही समितिको निर्वाचित पदाधिकारी वा सदस्यहरुको मनोनयन शुल्क सरह हुनेछ ।

**६) यस कोषको लेखा परिक्षण केन्द्रीय लेखा परीक्षण आयोगले गर्नेछ ।**

**१५) छाप :**

आयोगको छाप विचमा हँसिया र हथौडाको कैची परेको लोगो, माथिल्लो पट्टि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र तल्लो पट्टी केन्द्रीय निर्वाचन आयोग २०७८ भएको गोलाकार हुनेछ ।

**१६) व्याख्या :**

यस नियमावलीको प्रयोगमा विवाद आएमा सोको व्याख्या आयोगले गर्नेछ ।

**१७) संशोधन वा खारेजी :**

आयोगले पार्टी विधानको अधीनमा रहि आवश्यकता अनुसार यस नियमावलीको संसोधन वा खारेजी गर्न सक्नेछ ।

समाप्त !

संसारका मजुदरहरु एक होऔं ! मार्क्सवाद–लेनिनवाद–माओवाद–जिन्दावाद !

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## निर्वाचन आयोग

## प्रमाण-पत्र

तपाई कमरेड श्री ........................................ मिति .................... मा

सम्पन्न म्माधिवेशन/अधिवेशन/सम्मेलनबाट .................... को .................... पदमा

निर्वाचित/निर्विरोध निर्वाचित हुनु भएकोमा यो **प्रमाण-पत्र** प्रदान गरिएको छ ।

तपाईको कार्यकालको सफलताको कामना गरिन्छ ।

मितिः ....................

....................
संयोजक
...................., निर्वाचन समिति
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

....................
कुवेर बहादुर ओली
अध्यक्ष
केन्द्रीय निर्वाचन आयोग
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

प्रकाशक
नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)
केन्द्रीय निर्वाचन आयोग
पेरिसडाँडा, कोटेश्वर, काठमाडौं
E-mail: mcec078@gmail.com